**आज मिति २०७७ साल माघ ८ गते यस माण्डवी गाँउपालिका कार्यपालिकाको बैठक बसी तपशिलको प्रस्तावहरु माथी छलफल गरियो ।**

प्रस्तावहरु :

१) पोषण स्वयंशेवक नियुक्तिका लागि विज्ञापन सम्बन्धमा ।
२) गा.पा अनुदान शिक्षक सम्बन्धमा ।
३) बाख्राको साना ब्यबसायिक कृषि उत्पादन केन्द्र (पकेट) विकास कार्यक्रम सम्बन्धमा ।
४) कृषि तथा पशु विकासका लागि प्राविधिक जनशक्ति छनौट सम्बन्धमा ।
५) तथ्यांक संकलनका लागि गणकहरुको छनौट सम्बन्धमा ।
६) JCB चालकको विज्ञापन सम्बन्धमा ।
७) काज सरुवालाई अनुमोदन सम्बन्धमा ।
८) श्रदाञ्जली दिने सम्बन्धमा ।
९) सडक निर्माणको ठेक्का सम्बन्धमा ।

निर्णयहरु :

निर्णय नं. १ : प्रस्ताब १ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा वहुक्षेत्रिय पोषण कार्यक्रम कार्यन्वयनका लागि आवश्यक पर्ने पोषण स्वयंसेवक नियुक्तिका लागि १ जना पोषण स्वयंसेवकको लागि विज्ञापन खोल्ने निर्णय गरियो ।

निर्णय नं. २ : प्रस्ताव २ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा माण्डवी गा.पा अर्न्तगतका बागिश्वरी मा.वि तिग्रा र गणेश आ.बि ढिकावनमा १/१ जना थप गाँउपालिका अनुदान शिक्षकका लागि दरवन्दि थप गरि विज्ञापन खोल्ने निर्णय गरियो ।

निर्णय नं. ३ : प्रस्ताव ३ माथि छलफल गर्दा आ.व. २०७७/०७८ मा माण्डवी गाउँपालिकामा शसर्त अनुदानमा प्राप्त बजेट कार्यक्रम अर्न्तगत बाख्राको साना ब्यवसायिक कृषि उत्पादन केन्द्र (पकेट) बिकास कार्यक्रम संचालनका लागि माण्डवी गाउँपालिका वडा नं. ५ को चिन डुङ्डङ्गे शिखेमा गर्ने निर्णय गरियो ।

निर्णय नं. ४ : प्रस्ताव ४ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक बर्ष २०७७/०७८ का लागि शसर्त अनुदान अर्न्तगत अरङ्खोलामा बृहत कृषि पकेट कार्यक्रम संचालन तथा माडिखोला र झिमरुक खोला करिडोरमा कृषि पकेट कर्यक्रम संचालनका लागि १ जना पशु प्राविधिक तथा २ जना कृषि प्रविधिकको विज्ञापन खोलि नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं. ५ : प्रस्ताव ५ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको आर्थिक वर्ष २०७७/०७८ का लागि शसर्त वजेट अर्न्तगत कृषक दर्ता ब्यवस्थापन कार्यक्रम तथा पशुपन्छि सम्बन्धि तथ्यांक संकलनका लागि ५ जना गणकहरु छनौट गर्नका लागि विज्ञापन खोलि नियुक्ति दिने निर्णय गरियो ।

निर्णय नं. ६ : प्रस्ताव ६ माथि छलफल गर्दा माण्डवी गाउँपालिकामा कार्यरत JCB चालक शेर वहादुर गुरुङको कार्यसम्पादन सन्तोषजनक नभएकोले निजलाई करार निरन्तरता नदिने तथा रिक्त पदमा नियुक्तिका लागि विज्ञापन खोल्ने निर्णय गरियो ।

निर्णय नं. ७ : प्रस्ताव ७ माथि छलफल गर्दा माण्डवी गाउँपालिका शिक्षा समितिले गरेको खड्क प्रा.वि चिनका शिक्षक कुशल वि.क. तथा वागिश्वरी मा.वि का शिक्षक पूर्ण व. खड्कालाई गरेको काम सरुवालाई अनुमोदन गर्दै वागिश्वरी मा.वि मा कार्यरत प्र.अ भागेश्री के.सी ले श्वास्थ्यामा आएको समस्याका विद्यालयमा उपस्थिति हुन नसक्ने कारण देखाउदै दिएको निर्णय अनुसार निजलाई माघ १ गते देखि लागु हुने गरि २ महिनाका लागि काममा निर्णय गरियो ।

निर्णय नं. ८ : प्रस्ताव नं ८ माथि छलफल गर्दा माण्डवी गाउँपालिका वडा नं १ उपल्लो शिमलचोर निवासी समाजसेवी सिमलचौर सडक निर्माण उ.सका अध्यक्ष श्री कृष्ण व. खत्रीको मिति २०७७/१०/०१ गते भएको असमायिक निधन प्रति माण्डवी गाउँपालिका परिवार स्तब्ध भएको छ । यस दुखद घडिमा सम्पूर्ण परिवारजन प्रति माण्डवी गाउँपालिका हार्दिक श्रन्दाञ्जली दिने निर्णय गरियो ।

निर्णय नं. ९ : प्रस्ताव ९ माथि छलफल गर्दा माण्डवी गाउँपालिकाको र प्रदेश सरकारको समपुरक कोष अर्न्तगत आर्थिक वर्ष २०७७/०७८ का लागि छनैट गरिएको आयोजना "गाउँपालिका कार्यालय जोड्ने सडकलाई कालोपत्रे आयोजना" ठेक्कामा गई मूल्याकंन गर्दा न्युनतम कवोल फर्मसंग सम्झौता गरि ठेक्कावाट वचत रहन गएको वाकि वजेटले सोहि आयोजनाको वाकि काम सम्पन्न गर्ने गरि पुन ठेक्कामा लगाउने निर्णय गरियो ।

प्रमाणित गर्ने
शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत

शिसिर रिजाल
प्रमुख प्रशासकीय अधिकृत